**आकाशवाणी समाचार- नेपाली**

मितिः १० सितम्बर २०२५

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- भारतको १५ औं उपराष्ट्रपतिको रूपमा सीपी राधाकृष्णन निर्वाचित हुनुभएको छ।
- प्रधानमन्त्री नरेन्द्र मोदीले हिज हिमाचल प्रदेश र पन्जाबको बाढी, पहिरो र अत्यधिक वर्षा प्रभावित क्षेत्रहरूको हवाई सर्वेक्षण गर्नुभयो।
- प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा हिज बसेको सुरक्षा सम्बन्धी मन्त्रिमण्डलको बैठकमा नेपालका विकसित घटनाक्रमबारे चर्चा भएको छ 1
- केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान आज देखि संयुक्त अरब अमीरात को दुई दिवशीय भ्रमणमा जानुहुनेछ।
- मौसम विभागले आज उप-हिमाली पश्चिम बंगाल र सिक्किममा अलग-अलग स्थानहरूमा अत्याधिक भारी वर्षाको सम्भावना व्यक्त गरेको छ।

**उपराष्ट्रपति- सीपी राधाकृष्णन**

भारतको १५ औं उपराष्ट्रपतिको रूपमा सीपी राधाकृष्णन निर्वाचित हुनुभएको छ। राष्ट्रिय जनतान्त्रिक गठबन्धन-एनडीए उम्मेदवार तथा महाराष्ट्रका राज्यपाल श्री राधाकृष्णनले ईन्डी गठबन्धनका उम्मेदवार तथा सर्वोच्च न्यायालय का पूर्व न्यायाधीश बी सुदर्शन रेड्डीलाई १५२ मतले पराजित गर्नुभयो। राज्यसभाका महासचिव तथा निर्वाचन अधिकारी पीसी मोदीले उपराष्ट्रपति चुनाव को मतगणनापछि यो जानकारी दिनुभयो।उहाँले भन्नु भएको छ - कुल ७८१ मतदान गर्ने सांसदमध्ये ७६७ सांसदहरुले मतदान गरे। श्री मोदीले जानकारी दिनुभयो कि ७६७ मतमध्ये ७५२ मान्य र १५ मत अमान्य घोषित भए। नयाँ संसद भवनमा भएको मतदानमा ७५२ मान्य मतमध्ये श्री राधाकृष्णनले ४५२ मत पाए भने बी सुदर्शन रेड्डीले ३०० मत प्राप्त गर्नुभयो।राज्यसभाका महासचिवले उपराष्ट्रपति पदको लागि चुनाव स्वतन्त्र, निष्पक्ष र व्यवस्थित तरिकाले सम्पन्न भएको बताउनु भएको छ।

1 byte उपाध्यक्ष मोदी

**उपराष्ट्रपति -राष्ट्रपति द्रौपदी मुर्मु**

राष्ट्रपति द्रौपदी मुर्मुले भारतको १५ औं उपराष्ट्रपतिको रूपमा निर्वाचित हुनुभएकोमा सीपी राधाकृष्णनलाई बधाई दिनुभएको छ राष्ट्रपतिले भन्नुभएको छ – उपराष्ट्रपति श्री राधाकृष्णनले सार्वजनिक जीवनमा दशकौंको समृद्ध अनुभवले देशको प्रगतिमा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभएको छ 1

**उपराष्ट्रपति -प्रधानमन्त्री**

प्रधानमन्त्री नरेन्द्र मोदीले देश को १५ औ उपराष्ट्रपति निर्वाचित हुनु भएकोमा सीपी राधाकृष्णनलाई बधाई दिनुभएको छ। प्रधानमन्त्री श्री मोदीले उपराष्ट्रपति श्री राधाकृष्णनको आफ्नो जीवन सधैं समाजको सेवा र गरिबहरूलाई सशक्तिकरण गर्न समर्पित रहेको बताउनु भएको छ।

**नवनिर्वाचित उपराष्ट्रपति सी. पी. राधाकृष्णन**

नवनिर्वाचित उपराष्ट्रपति सीपी राधाकृष्णनले दोस्रो सर्वोच्च संवैधानिक पदमा निर्वाचित हुनुलाई राष्ट्रवादी विचारधाराको विजय भएको बताउनु भएको छ । उहाँले बर्ष २०४७ सम्ममा भारतलाई विकसित राष्ट्र बनाउने दिशामा काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

**प्रधानमन्त्री नरेन्द्र मोदी-हिमाचाल -**

प्रधानमन्त्री नरेन्द्र मोदीले हिज हिमाचल प्रदेशको बाढी, पहिरो र अत्यधिक वर्षा प्रभावित क्षेत्रहरूको हवाई सर्वेक्षण गर्नुभयो। उहाँले राज्य आपदा राहत कोष र प्रधानमन्त्री किसान सम्मान निधिको दोस्रो किस्ता अग्रिम निकासा गर्ने आश्वासन दिनुभयो। प्रधानमन्त्री श्री मोदीले बाढी र पहिरोका कारण अनाथ बालबालिकाहरूलाई PM CARES for Children योजना अन्तर्गत सहयोगको पनि घोषणा गर्नुभएको छ ।

**प्रधानमन्त्री नरेन्द्र मोदी -पञ्जाब**

प्रधानमन्त्री नरेन्द्र मोदीले बाढ प्रभावित पञ्जाबका लागि १६०० करोड रुपियाँको आर्थिक सहयोगको पनि घोषणा गर्नुभएको छ। यो रकम राज्यसँग पहिले नै उपलब्ध १२ हजार करोड रुपियाँको अतिरिक्त हो। हाम्रा संवाददाताले राज्य आपदा राहत कोष र प्रधानमन्त्री किसान सम्मान निधिको दोस्रो किस्ता अग्रिम रूपमा जारी गरिने जानकारी दिएका छन् ।

2-byte -पन्जाब -प्रधानमन्त्री

**नेपाल -प्रदर्शन -प्रधानमन्त्री राजिनामा**

नेपालमा युवाहरूको देशव्यापी विरोध प्रदर्शनको क्रममा १९ जनाको मृत्यु र ३०० भन्दा अधिक मानिसहरु घाइते भएपछि नेपालका प्रधानमन्त्री केपी शर्मा ओलीले आफ्नो पदबाट राजीनामा दिनुभएको छ। उहाँले राष्ट्रपति रामचन्द्र पौडेललाई आफ्नो राजीनामा बुझाउनु भएको छ। प्राविधिक रूपमा, नेपालमा हाल राष्ट्रपति शासन लागू गरिएको छ।

**नेपाल- राष्ट्रपति रामचन्द्र पौडेल**

नेपालका राष्ट्रपति रामचन्द्र पौडेलले प्रतिकूल परिस्थितिको शान्तिपूर्ण समाधान सुनिश्चित गर्न आन्दोलनकारी र नागरिकहरू सहित सबै पक्षबाट सहयोगको अपेक्षा गर्नुभएको छ। राष्ट्रपति पौडेलले हिज साँझ युवा प्रदर्शनकारीहरू र अन्य सबैलाई लोकतन्त्रमा नागरिकहरूको मागलाई शान्तिपूर्ण समाधानको लागि वार्ता गर्न अपील गर्नुभयो। उहाँले सबै पक्षहरूलाई संयम कायम राख्न आग्रह गर्नुभयो।

3- Byte-SWETA SINGH

यसैबीच, विदेश मन्त्रालयले नेपालमा बसोबास गर्ने भारतीय नागरिकहरूलाई नेपाली अधिकारीहरूले जारी गरेका निर्देशहरू पालना गर्न र देशमा भइरहेको विरोध प्रदर्शनको बीचमा सावधानी अपनाउन सल्लाह दिएको छ। मन्त्रालयले भनेको छ - भारतले नेपालमा भइरहेको घटनाक्रमलाई निगरानी गरिरहेको छ। यसले सुरक्षा बलहरूले बल प्रयोग गर्दा आधारभूत सिद्धान्तहरू पालन गर्नुपर्ने बताएको छ। संयुक्त राष्ट्र संघले नेपालको अवस्थालाई गहिरो चिन्ताका साथ निगरानी गरिरहेको बताएको छ।

**प्रधानमंत्री नरेंद्र मोदी - नेपाल - चर्चा -चिन्ता**

प्रधानमन्त्री नरेन्द्र मोदीको अध्यक्षतामा हिज बसेको सुरक्षा सम्बन्धी मन्त्रिमण्डलको बैठकमा नेपालका विकसित घटनाक्रमबारे चर्चा भएको छ । प्रधानमन्त्री श्री मोदीले भन्नुभएको छ , 'नेपालमा भइरहेको हिंसा हृदयविदारक छ । उहाँले नेपालमा युवाहरुको मृत्युप्रति दुःख व्यक्त गर्नुभएको छ । उहाँले नेपालमा स्थिरता, शान्ति र समृद्धि अत्यन्त महत्वपूर्ण रहेको बताउनु भएको छ । प्रधानमन्त्री नरेन्द्र मोदीले नेपालका जनतालाई शान्तिको लागी प्रयासमा सहयोग गर्न अपिल पनि गर्नुभएको छ

**सरकार – नेपाल सुझाउ**

सरकारले भारतीय नागरिकहरुलाई नेपालमा स्थिति सामान्य नभए सम्म यात्रा स्थगित गर्ने सुझाव दिएको छ। सरकारले नेपालमा रहेका भारतीय नागरिकहरुलाई अहिलेको निवास स्थानमा आश्रय लिन, सडक बाहिर ननिस्कन र सतर्कता अपनाउन आग्रह गरेको छ। साथै नागरिकहरुलाई नेपालका अधिकारीहरू र काठमाडौंस्थित भारतीय दूतावासको स्थानीय सुरक्षा सल्लाहहरू पालना गर्न पनि सुझाव दिइएको छ। सरकारले कुनै सहयोग आवश्यक परेमा काठमाडौंस्थित भारतीय दूतावासको हेल्पलाइन नम्बर +977 - 980 860 2881 र +977 - 981 032 6134 समेत जारी गरेको छ।

**केंद्रीय शिक्षा मंत्री -संयुक्त अरब अमीरात भ्रमण**

केन्द्रीय शिक्षा मन्त्री धर्मेन्द्र प्रधान आज देखि संयुक्त अरब अमीरात को दुई दिवशीय भ्रमणमा जानुहुनेछ। भ्रमणको पहिलो दिन श्री प्रधानले अबुधाबीको शिक्षा तथा ज्ञान विभागकी अध्यक्ष सराह मुसल्ल संग भेट गर्नु हुनेछ I श्री प्रधान आईआईटी दिल्लीको अबुधाबी क्याम्पसको भ्रमण गर्नुहुनेछ र विदेशमा पहिलो अटल इन्क्युबेशन केन्द्रको उद्घाटन गर्नुहुनेछ। शिक्षा मन्त्रीले विद्यावारिधि र B.Tech कार्यक्रमहरूको पनि शुभारम्भ गर्नुहुनेछ र विद्यार्थी र संकाय सदस्यहरूसँग अन्तरक्रिया गर्नुहुनेछ। भ्रमणको दोस्रो दिन, मंत्री श्री प्रधान र संयुक्त अरब अमिरात का शिक्षा मन्त्री डा. अब्दुल रहमान अल अवरले भारतीय प्रबन्धन संस्थान अहमदाबादको दुबई परिसरको उद्घाटन समारोहमा भाग लिनुहुनेछ। श्री धर्मेन्द्र प्रधानले वाणिज्य दूतावासमा 'एक पेड मा के नाम' वृक्षारोपण अभियानमा पनि भाग लिनुहुनेछ र संयुक्त अरब अमीरातका भारतीय स्कूलहरूमा अटल टिंकरिंग ल्याबहरूको उद्घाटन गर्नुहुनेछ।

**प्रधानमंत्री नरेंद्र मोदी - मणिपुर - राज्यपाल – तैयारी**

प्रधानमन्त्री नरेन्द्र मोदीको शनिबार मणिपुर को निर्धारित भ्रमण पुर्व मणिपुरका राज्यपाल अजय कुमार भल्लाले हिज चुराचाँदपुर जिल्लाको भ्रमण गर्नुभएको छ । प्रधानमन्त्री मोदी ले चुराचन्दपुर र इम्फालमा हुने जनसभालाई सम्बोधन गर्ने सम्भावना छ। राज्यपालले गान्टिमोन स्थित बीएसएफ सहायक प्रशिक्षण केन्द्रमा निर्माण गरिएको हेलिप्याड र तुइबोङ शान्ति मैदानको निरीक्षण गर्नुभयो, जहाँ प्रधानमन्त्रीले जनसभालाई सम्बोधन गर्ने कार्यक्रम रहेको छ।

**प्रधानमन्त्री नरेन्द्र मोदी- वस्तु तथा सेवा कर**

प्रधानमन्त्री नरेन्द्र मोदीले स्वतन्त्रता दिवसको दिन लाल किल्लाको प्राचीर बाट दीपावलीसम्म अर्को पुस्ताको वस्तु तथा सेवा कर (GST) सुधारहरूको घोषणा गर्नुभएको थियो।आज हामी सेवा क्षेत्रका लागि गरिएका GST सुधारहरूको बारेमा कुरा गर्दैछौं। हाम्रा संवाददाताले GST सुधारहरू आम मानिसलाई केन्द्रित गरेर गरिएको छ र यी सेप्टेम्बर २२ देखि लागू गरिने बताएका छन्।

**राष्ट्रीय सहकारी निर्यात लिमिटेड – सम्झौता**

राष्ट्रिय सहकारी निर्यात लिमिटेड र कृषि तथा प्रशोधित खाद्य उत्पादन निर्यात विकास प्राधिकरणबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ। सहकारीता मन्त्रालयले यो सम्झौता पत्र एक उत्थानशील र प्रतिस्पर्धी सहकारी निर्यात पारिस्थितिकी तंत्र निर्माण गर्ने दिशामा एक महत्वपूर्ण कदम भएको जनाएको छ। यो सम्झौताले सहकारी तथा वाणिज्य तथा उद्योग मन्त्रालयको शक्ति र अधिकारको समन्वय गर्ने सरकारको प्रतिबद्धतालाई जोड दिएको छ। यो सम्झौताले सहकारी संस्थाहरुलाई वैश्विक प्रतिस्पर्धा गर्न सशक्त बनाउने उहाँले बताउनुभएको छ ।

**मौसम**

मौसम विभागले आज उप-हिमाली पश्चिम बंगाल र सिक्किममा अलग-अलग स्थानहरूमा अत्याधिक भारी वर्षाको सम्भावना व्यक्त गरेको छ। मौसम विभाग अनुसार,आगामी दूई दिन सम्म देशको बिभिन्न राज्यहरुमा पनि अत्याधिक बर्षाको सम्भावना व्यक्त गरेको छ 1

****** ० ******